**सहयोगी कर्मचारीहरू श्री नुमलाल खनाल सहायक पाचौं शितगंगा न.पा.**

**सहयोगी कर्मचारीहरू श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.**

**मिति २०७७/९/२१ गतेको नगरकार्यापालिका बैठकका एजेण्डाहरु**

१. संघीय समपुरक योजना माग गर्ने सम्बन्धमा ।

२. निजी क्षेत्रको ढुङ्गा फुटाई लैजाने अनुमती दिने सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगार तथा युवा स्वरोजगार तर्फको कार्यक्रम सम्बन्धमा ।

४. कार्यालय प्रयोजनको लागि गाडी भाडामा लिने सम्बन्धमा ।

५. ऐन/कार्यविधि सिफारिस तथा स्वीकृत गर्ने सम्बन्धमा ।

६. ज्योती भविश्वर बहुमुखी क्याम्पस भवन निर्माण सम्बन्धमा ।

७. योजना अनुगमन तथा रकम भुक्तानी सम्बन्धमा ।

८. प्रदेश सरकारमा योजना माग गर्ने सम्बन्धमा ।

९. गौडा विक्रम करेचुली बाटो सुधार गर्ने सम्बन्धमा ।

१०. शिक्षक दरवन्दी मिलान सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा आ.व. २०७८/०७९ का लागि प्रदेश र स्थानीय तहमा समपुरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना तथा निर्देशिका बमोजिम यस नगरपालिकाले समपुरक अनुदानका लागि तपशिलका योजनाहरु छनौट गर्ने र सूचना बमोजिम राष्ट्रिय योजना आयोगमा समयमै भरी पठाउने निर्णय गरियो । साथै समपुरक बापत ५० प्रतिशत यस नगरपालिकाले व्यहोर्नु पर्ने रकम आगामी आ.व.को नगरपालिकाको वजेटबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**समपुरक अनुदान तर्फ**

(क) नगरपालिकाको प्रशासकीय भवन निर्माण क्रमागत रु ८०,००,०००।-

(ख) ठाडा अमराइ जुकेना देउराली ऐरावती सडक स्तारोन्नती (पतञ्जली मार्ग) रु २००००००।-

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १२ निवासी होम बहादुर रायमाझीले आफ्नो शिनपा १२ कुडापानी हडाहामा रहेको कित्ता नं. २५७४ र २१७ को जग्गा (बारी) मिलाउने र सो

गर्दा निस्कीने ढुङ्गा आफै निजी गोरुसिंगेमा घर बनाउने प्रयोजनमा ल्याउनका लागि अनुमाती पाउँ भनि निवेदन दिएकोले माग बमोजिम उल्लेखित निजको निजी जग्गामा रहेको ढुङ्गा फुटाई नियमानुसारको राजश्व/रोयल्टी यस कार्यालयबाट नाँपजाँचका आधारमा बुझाई लैजान अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार तथा युवा स्वरोजगार कार्यक्रम अर्न्तगत प्राप्त वजेटबाट चालु को लागि बेरोजगार व्यक्तिहरुले भरेको फर्मका आधारमा निम्न वडामा निम्न अनुसारको संख्यामा वेरोजगार व्यक्तिहरुलाई कम्तीमा १०० दिन काममा लगाई रोजगार प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल**

| वडा नं. | कामदार संख्या | वडा नं. | कामदार संख्या | वडा नं. | कामदार संख्या | वडा नं. | कामदार संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ५० | २ | ५४ | ३ | ४६ | ४ | ४७ |
| ५ | ४७ | ६ | ४७ | ७ | ४२ | ८ | ४३ |
| ९ | ४६ | १० | ४६ | ११ | ५० | १२ | ४५ |
| १३ | ४६ | १४ | ५३ | नगर १ | | ६६३ | |

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस कार्यालयमा हाल दुइ वटा स्कारपीयो गाडी रहेकोमा नगर प्रमुख, नगर उप प्रमुख र कार्यालय प्रयोजनको लागि गरी एक/एक वटा गाडी आवश्यक पर्ने र गाडीको अभावका कारण अनुगमन लगायतको कार्यमा कठीनाई भएकोले एक वटा गाडी भाडामा लिई प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कार्यालय तथा विभिन्न समितिबाट तयार भई पेश भएका तपशिल बमोजिमको ऐनहरु स्वीकृतीको लागि आगामी नगरसभामा पेश गर्ने र तपशिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**स्वीकृतीको लागि आगामी नगरसभामा पेश गर्ने ऐनहरु :-**

(क) शितगंगा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७७

(ख) शितगंगा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई विधेयक २०७७

**तपशिल बमोजिमा कार्यविधिहरु स्वीकृत गरियो :-**

(क) शितगंगा नगरपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७

(ख) शितगंगा नगरपालिकाको महिला समुह संचालन कार्यविधि २०७७

(ग) शितगंगा नगरपालिकाको महिला विकास कार्यक्रम संचालन कार्यविधि २०७७

(घ) शितगंगा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७४ को प्रथम संसोधन २०७७

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकामा रहेको एक मात्र ज्योति भविश्वर बहुमुखी क्याम्पस भवन निर्माणको लागि गत आ.व.मा प्राप्त बजेटबाट कोरोनाको कारण भवन निर्माण हुन नसकेकोमा सो भवन निर्माणको लागि वजेट माग गरिएको सन्दर्भमा प्रदेश सरकार लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ५८४ मिति २०७७/९/१३ गतेको पत्रबाट आगामी आ.व. २०७८/०७९ मा यस पालिकालाई उपलब्ध गराईने सर्शत अनुदानको सिमाभित्र पर्ने गरी रु ५० लाखको स्रोत सुनिश्चितता प्रदान गरिएको व्यहोराको पत्र प्राप्त हुन आएकोले उक्त भवन निर्माण कार्य वहुवर्षिय रुपमा कार्यान्वन गर्ने र निर्माण कार्य उपभोक्ता समिति मार्फत अगाढी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यो नगरपालिका भुगोलको हिसावले नेपालकै सवै भन्दा ठूलो नगरपालिका भएको, योजनाहरु सयौंको सख्यामा रहेको र कार्यालय प्रमुख तथा सम्बन्धित शाखाका कर्मचारीहरु समेत कार्यालयको दैनिक कार्यमा व्यस्त हुनु पर्ने भएको कारण नगरपालिका क्षेत्र भित्र कार्यान्वयन भईरहेका सवै योजनाहरुमा नगर स्तरीय अनुगमन समितिले अनुगमन गरी भुक्तानी गर्न सम्भव नदेखिएको हुँदा वडा स्तरीय अनुगमन समितिले अनुगमन गरी दिएको प्रतिवेदनका आधारमा योजनाको रकम भुक्तानी गर्न सकिने र आवश्यक्ता अनुसार नगर स्तरीय अनुगमन समितिले समेत अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको १२ नं. वडा समितिको बैठकको निर्णय सहित डोहोटे कुडुले रजिया हुदै हिलेखोला सम्मको कच्ची मो.वा. स्तरोन्नती (पिच) गर्नको लागि लुम्बिनी प्रदेश सरकारमा माग गर्न नगरपालिकामा निर्णय सहित सिफारीस माग गर्ने भनि पत्र लेखि आएकोले उक्त सडक स्तरोन्नती तथा पिचको लागि लुम्बिनी प्रदेश सरकारमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १४ मा पर्ने गौडा विकम करेचुली मोटर बाटोको बौलाहा मरेको स्थानमा ग्रेड सुधार नहुदाँ गाडी सञ्चालनमा समस्या आएकोले उक्त ग्रेड सुधारको लागि के कति रकम लाग्छ स्थलगत रुपमा प्राविधिक खुटाई पेश भएको लागत अनुमानका आधारमा गौडा विकम करेचुली मोटर बाटोको सम्झौता गराई ग्रेड सुधारको कार्य गर्ने निर्णय गरियो ।

### निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्र रहेका विद्यालयहरुको प्राथमिक तहको शिक्षक दरवन्दी मिलान गर्ने सन्दर्भमा शितगंगा नगरपालिकाको नगर शिक्षा समितिले सिफारिस गरेको दरवन्दी मिलानको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

सहयोगी कर्मचारीहरू  श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरू  श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

**मिति २०७७/९/२६ गतेको नगरकार्यापालिका बैठकका एजेण्डाहरु**

१. समवेदना प्रकट सम्बन्धमा ।

२. अपाङ्ग लक्षित कार्यक्रम संचालनमा अनुदान सम्बन्धमा ।

३. कार्यालय सहयोगी काररमा राख्ने सम्बन्धमा ।

४. योजना कार्यान्वयन सम्बन्धमा ।

५. योजना सम्झौताको समयावधि थप गर्ने सम्बन्धमा ।

६. जिससमा रकम माग सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यापालिका सदस्य श्री राम बहादुर दर्नालको बुवा प्रभात किरण दर्जिको मिति २०७७/९/२६ गते असामायिक निधन भएकोमा दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना सहित यस दु:खको घडीमा शोकाकुल परिवारजनलाई धैर्य धारण गर्न सक्ने शक्ति भगवानले प्रदान गरुन भन्दै गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको अपाङ्ग लक्षित कार्यक्रम संचालन गर्दा कृषि तथा पशु विकास लगायतका विभिन्न शिर्षकमा दिइने अनुदानमा ७५ प्रतिशत अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आफ्नो कार्यालय भवन नहुदा विभिन्न स्थानमा घरहरु भाडामा लिई दैनिक कार्य संचालन हुदै आएको छ । कृषि र पशु विकास शाखाहरु रहेको भवन आफ्नो भएतापनि अन्य कार्यालय तथा शाखा रहेका घरहरु भाडामा लिई ५ स्थानबाट कार्यालय संचालन हुदै आएकोमा नगरसभाबाट स्वीकृत भई हाल कार्यरत कार्यालय सहयोगिहरु ७ जना बाट मात्र दैनिक कार्य संचालनमा कठीनाई भएकोले थप दुई जना कार्यालय सहयोगिको आवश्यक्ता महशुस भएको हुँदा दुइ जना कार्यालय सहयोगी नगरपालिकाका कार्यरत करारका कार्यालय सहयोगिले पाएसरहको पारिश्रमिक दिने गरी करारमा आन्तरिक श्रोतबाट राख्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाबाट योजना कार्यान्वयन गर्दा रु १० लाख भन्दा बढी रकमका योजनाहरु ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन हुदै आएकोमा चालु आ.व.मा केही योजनाहरुको लागि प्रदेस सरकार, जिसस, लगायतका निकायबाट समेत विभिन्न भवन निर्माण लगायतका योजनाहरुको लागि रकम विनियोजन भई आएको सन्दर्भमा ठेक्का पट्टाको माध्यमबाट कार्य गराउदा सूचना प्रकाशन लगायतको कार्यमा लामो समय लाग्ने तर चालु आ.व.को करीव आधा समय व्यतित भई सकेको र पछी वर्षा सुरु भई चालु आ.व.मा योजनाको कार्य सम्पन्न हुन नसक्ने अवस्था देखिएकोले चालु आ.व.को लागि रु १० लाख भन्दा वढी रकम विनियोजन भएका योजनाहरु समेत प्रचलित आर्थिक ऐन तथा सार्वजनिक खरिद ऐन, नियमावलीको परिधी भित्र रही आवश्यक्ता अनुसार कार्यालयले उपभोक्ता समिति मार्फत सम्झौता गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व.मा कार्यान्वयन हुने गरी रकम विनियोजन भएका योजनाहरु कार्यान्वयनको लागि उपभोक्ता समितिसँग सम्झौता गर्ने समय पटक पटक थप भई आएकोमा केही योजनाहरु आगामी बैठकबाट समेत संसोधन गर्नु पर्ने भएकोले रकम स्वीकृत भई सकेका पछी थप हुने बाहेकका योजनाहरु कार्यान्वयनको लागि उपभोक्ता समितिसँग सम्झौता गर्ने समयावधि अन्तिम पटकको लागि २०७७ फाल्गुन मसान्त सम्म कायम गरी गर्ने र सो समयावधि भित्र स्वीकृत योजनाहरु कार्यान्वयन गर्न सम्झौताको लागि उपभोक्ता समितिले कागजात पेश नगरेमा उपभोक्त समितिसँग योजनाको सम्झौता नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न योजनाहरु समपुरकमा कार्यान्वयन गर्न जिल्ला समन्वय समितिको कार्यालय अर्घाखाँचीमा कुल लागतको ५० प्रतिशत रकम माग गर्ने भनि मिति २०७७/८/३० को कार्यपालिकाको निर्णय अनुसार माग गरिएकोमा हाल सम्म स्वीकृत भई नआएकोमा पूर्व निर्णय बमोजिमका केही योजना हेरफेर गरी माग गर्नु पर्ने भएकोले पूर्व निर्णयलाई संसोधन गरी निम्न योजनाहरु समपुरकमा कार्यान्वयनको लागि तर्पाशिल बमोजिमको रु २९ लाख रकम उपलब्ध गराई दिन माग गर्ने निर्णय गरियो ।

तपशिल

(क) लामाताल स्वास्थ्य इकाई भवन निर्माण शिनपा ७ नगरपालिकाले व्यहोर्ने कुल लागतको ५० प्रतिशतले रु ११ लाख

(ख) जलुके स्वास्थ्य चौकी ट्रष्ट हल निर्माण शिनपा ७ नगरपालिकाले व्यहोर्ने कुल लागतको ५० प्रतिशतले रु ५ लाख

(ग) प्रभाकर मा.वि.भवन निर्माण सिमलपानी शिनपा १४ नगरपालिकाले व्यहोर्ने कुल लागतको ५० प्रतिशतले रु १३ लाख

**निर्णय नं. ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्र पर्ने तपशिल बमोजिमका नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकी गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्बन्धि कार्य गर्न यस कार्यालय र लुम्बिनी सामाजिक विकास केन्द्र अर्घाखाँची विच भएको सम्झौता बमोजिम अध्ययन गरी सो केन्द्रले पेश गरेका प्रतिवेदनहरु अध्ययन, विश्लेषण तथा पुनरावलोकन गर्ने प्रयोजनका लागि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ बमोजिम गठीत प्राविधिक समितिबाट निम्न नदी तथा खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनहरु स्वीकृतीको लागि सिफारिस भई आएकोले उक्त प्राविधिक समितिको सिफारिस समेतका आधारमा प्रतिवेदनमा उल्लेख भएबमोजिमका शर्त समेत पालना गर्ने गरी कार्य गर्न तपशिल बमोजिमका नदी तथा खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| क.सं. | नदी खोलाको नाम/स्थान |
|---|---|
| १. | खोरमोर खोला शितगंगा नगरपालिका वडा नं. १४ |
| २. | वाणगंगा खोला शितगंगा नगरपालिका वडा नं. १४ |
| ३. | कोन्द्रे खोला शितगंगा नगरपालिका वडा नं. १२ |
| ४. | खयरभट्टी खोला शितगंगा नगरपालिका वडा नं. ११ |
| ५. | रङ्गसिङ्ग खोला शितगंगा नगरपालिका वडा नं. ८ र ९ |
| ६. | राप्ती नदी शितगंगा नगरपालिका वडा नं. ८ |

सहयोगी कर्मचारीहरू  श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरू  श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

**मिति २०७७/१०/२८ गतेको नगरकार्यापालिका बैठकका एजेण्डाहरु**

१. सडक वोर्ड नेपालको रकम विनियोजन सम्बन्धमा ।

२. निजी क्षेत्रको ढुङ्गा फुटाई लैजाने अनुमती दिने सम्बन्धमा ।

३. राजश्व संकलन सम्बन्धमा ।

४. घाटगद्धीको नदीजन्य पदार्थ लैजान अनुमती दिने सम्बन्धमा ।

५. प्रदेश स्थापना दिवस मनाउने सम्बन्धमा ।

६. योजना संसोधन सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा सडक वोर्ड नेपालबाट चालु आ.व.को लागि रु ३६ लाख रकम थप भई आएकोमा सो मा नगरपालिकाले व्यहोर्ने ३० प्रतिशत समेत गरी जम्मा रु ५२ लाख बाट तपशिल बमोजिमको सडक मर्मत तथा स्तरोन्नतीको लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

१. ठाडा अमराई जुकेना देउराली ऐरावती सडक स्तरोन्नती (पतत्तजली मार्ग) रु ५२,००,०००।- (बाटोको मुख नजिकै देखि मापदण्ड बमोजिम कार्य नगरेमा बैकल्पीक क्षेत्रबाट सडक निर्माण गर्ने)

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १३ भङ्गालामा कुल बहादुर बुढा मगरको नममा रहेको कि.नं. ४४६ को आवदी खेतलाई व्यवस्थापन गर्नु पर्ने भएको र सो कार्य गर्दा उक्त निजी खेतमा निस्कने ढुङ्गा, गिट्टी, माटो कार्यालयले नियमानुसारको रोयल्टी/राजश्व रकम लिई व्यक्तिगत प्रयोजनमा विकी गर्नको लागि अनुमती दिन भनि निवेदन दिएकोले माग बमोजिम उल्लेखित निजको निजी जग्गा व्यवस्थापन/सम्याउन अनुमती दिने र सो कार्य गर्दा निस्कने ढुङ्गा, गिट्टी, माटो कार्यालयबाट नाँपजाँच गरी नियमानुसारको राजश्व/रोयल्टी यस कार्यालयमा बुझाई लैजान अनुमती दिने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आन्तरिक आय बृद्धीको लागि राजश्व संकलनलाई सवैले उच्च प्राथमिकता दिई आ-आफ्नो वडा तथा नगरपालिकाले थप व्यवस्थित रुपमा गर्ने र नदी जन्य पदार्थ ढुङ्गा, गिट्टी बालुवा, मिस्कट को चोरी निकासी हुन नदिने यदी घरायसी प्रयोजन विकास निर्माण लगायतको कार्यमा दिनु पर्ने आवश्यक भएमा एक दिनको लागि मात्र प्रयोग हुने गरी राजश्व लिई रसिद साथमा बोक्ने गरी दिने साथै शनिवारको दिन नदीने र यदी कसैले चोरी निकासी गरेको पाईएमा नगरसभाको निर्णय बमोजिम जरिवाना तथा कारवाही गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०७५/०७६ मा यस नगरपालिकाको राप्ती नदी झोलुङ्गे पुल क्षेत्रको ठेक्काबाट दक्षिणकाली निर्माण सेवा घोराही १० दाङले उत्खनन तथा संकलन गरी निजी जग्गामा घाटगद्धी रहेको २९७० घ.मी. नदीजन्य पदार्थ मिति २०७६/३/१६ गतेको कार्यपालिकाको बैठकबाट विभिन्न शर्तहरु सहित प्रमाणीत गरेकोमा बैठकका शर्तहरु मध्ये (ग) मा २०७६ भदौ मसान्त भित्र विक्री नगरेमा उक्त माल स्वत: नगरपालिकाको हुनेछ भन्ने उल्लेख भएकोमा उक्त नदीजन्य पदार्थ तोकिएको समय भित्र नलगी हाल सम्म समेत यथा अवस्थामा जे जस्तो अवस्थामा प्रमाणीत भएको हो सोही अवस्थामा निजी जग्गामा रहेको कारण उक्त नदी जन्य पदार्थ लिलाम गर्न नसकिएको र हाल नदीजन्य पदार्थ डम्पीङ्ग रहेको जग्गा धनिले जग्गा खाली गरि दिन भनि लेखेको निवेदन समेत संलग्न राखी उक्त प्रमाणीत डम्पीङ्ग नदीजन्य पदार्थ लैजान अनुमती पाउँ भनि निवेदन आउनुको साथै वडा नं. ८ को वडा कार्यालयबाट समेत निजको डम्पीङ्ग नदीजन्य पदार्थ लैजान अनुमतीको लागि सिफारिस भई आएकोले पूर्व कार्यपालिकाको निर्णय बमोजिम तोकिएको समयमा उक्त नदीजन्य पदार्थ नलगेकोले जरीवाना स्वंरुप ठेक्का बाट डम्पीङ्ग गर्दाको समयको दर प्रति क्यूफिट ३ का दरले २९७० घ.मी.को हुने रु ३,१४,६१२।- यस नगरपालिकामा जम्मा गर्न लगाई कार्यालयबाट आदेश दिएको मितिले १५ दिन भित्र हटाउने गरी लैजान अनुमती दिने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश स्थापना दिवस मिति २०७७ फागुन ३ गते लालमटीयाको राप्ती टेक्नीकल प्राविधिक शिक्षालयमा भव्यरुपमा मनाउन झाकी सहित उपस्थित हुने र यस न.पा.को वडा नं. ८ सातमारा क्षेत्रमा सरसफाई गर्ने भनि लेखि आएकोले उक्त दिन यस नगरपालिकाको तर्फबाट झाकी तयारी लगायत उक्त क्षेत्रमा सरसफाई समेतको कार्य गर्न वडा नं. ८ का वडा अध्यक्षको संयोजनमा सो कार्य गर्ने र अन्य नजिकका वडा नं. ९, ११ ले समेत आवश्यक सहयोग गरी सो क्षेत्रबाट झाकीमा वडा

वासीहरुलाई सहभागि गराउने व्यवस्था मिलाई नगरको तर्फबाट झाकी प्रदर्शन गर्ने र सो कार्य गर्दा लागेको खर्च नगरपालिकाले व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको सातौ नगरसभा र कार्यपालिका बैठकबाट स्वीकृत तपशिल बमोजिमका योजना/कार्यक्रम तथा विनियोजित बजेट संसोधन गरी कार्यान्वयन गर्ने र प्रधानमन्त्री रोजगार/युवा स्वरोजगार तर्फ आवश्यक केही निम्न योजनाहरु समेत संसोधन तथा थप गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

### नगरपालिका तर्फ

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| जनता सँग बहस कार्यक्रम | २५०००० | विद्यालय स्तरमा संचार कार्यक्रम | २५०००० | गत मौज्दात |
| सामुदायिक भवन व्यवस्थापन भेडामारे | १००००० | भेडामारे अटो मोटर व्यवस्थापन | १००००० | गत मौज्दात |
| खुर्सानेदी मुलावारी मो.वा. निर्माण | ४००००० | सोखोला निपाने पधेरा माथि हुदै मुलावारी मो.वा. निर्माण | ४००००० | राजश्व संघ |
| मुलावारी सामुदायिक भवन निर्माण वडा नं. २ | २००००० | सोखोला निपाने पधेरा माथि हुदै मुलावारी मो.वा. निर्माण | २००००० | राजश्व संघ |
| वडा नं. ४ स्वास्थ्य इकाई भवन अधुरो | ५००००० | ज्योति मा.वि. भवन | ५००००० | सं स.अ.सं |

### वडा तर्फ :- २ नं. वडा

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| बडाचौर सिमलचौर मो.वा. निर्माण | १००००० | वडा कार्यालय परिसर मर्मत | १००००० | वि.स.अ.स. |
| सितखोला पुरानोबाटो गुरुङ्खर्क अर्सेडाँडा सिख्र मो.वा. निरर्माण | ३००००० | सितखोला सिख्र मो.वा. निर्माण | ३००००० | वि.स.अ.स. |
| मुलावारी जुरेथुम पदमार्ग निर्माण | | खुर्सानेदी मुलावारी जुरेथुम पर्यटन पदमार्ग निर्माण | | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | बडाचौर सिमलचौर बाटो | | प्रधानमन्त्री रोजगार/यु.स्वा |

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन तथा थप भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| | | चिदेरी लखनटारी कुलो निर्माण | ३००००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | बाउन्ने कुलो निर्माण | २००००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | कोहल पखेरे गोरेटो बाटो निर्माण | २००००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | खान्दुला खा.पा. | १५०००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | पाचपोखरे शिख्र मोटर बाटो | १२८२०० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | मुस्लेघाट पदमे खा.पा. | १५०००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | वडाचौर रिपाहाघाट कुलो निर्माण | ५००००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | खिव्दी खानेपानी योजना | १५०००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | सितापुर कैलासे मो.वा. नाली निर्माण | १५०००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| टेवुल टेनिस कोर्ट | ५०००० | व्याडमिन्टन खेल संचालन | ५०००० | वि.स.अ.सं |
| साहुटोला खा.पा. | १५०००० | एच डि पी पाईप खरिद | १५०००० | वि.स.अ.सं |
| साहुटोला खा.पा. | १७०००० | बाउन्ने कुवा मर्मत | ७०००० | वि.स.अ.सं |
| | | खान्दुला ख.पा. | १००००० | वि.स.अ.सं |

**वडा तर्फ :- ४ नं. वडा**

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन तथा थप भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| शिनपा ४ भित्रका बाटो तथा नाली कटिङ्ग | | शिनपा ४ भित्रका बाटो स्तरोन्नती तथा नाली कटिङ्ग | | प्रधानमन्त्री रोजगार/यु.स्वा |

**वडा तर्फ :- ५ नं. वडा**

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन तथा थप भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| भुमिकास्थान पोखरी भुनपा १० जोड्ने बाटो | | सुधा मा.वि.चौतारा साविका ४ को झोलुङ्गेपुल हुदै बाखे भुनपा १० जोड्ने बाटो | | प्रधानमन्त्री रोजगार/यु.स्वा |

वडा तर्फ :- ७ नं. वडा

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन तथा थप भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| | | वडा भित्रका विभिन्न बाटाहरु नाली निर्माण तथा गोरेटो बाटो निर्माण | | प्रधानमन्त्री रोजगार/यु.स्वा |

वडा तर्फ :- ८ नं. वडा

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन तथा थप भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| लाहापेका शाखा बाटामा नाली पक्की | | लाहापेका शाखा बाटामा नाली निर्माण | | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| बडिदमार छतिवल बेलौते पक्की नाली निर्माण | | बडिदमार छतिवल बेलौते नाली निर्माण | | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | विभिन्न गोरेटो बाटो निर्माण | | प्रधानमन्त्री रोजगार/यु.स्वा |

वडा तर्फ :- ९ नं. वडा

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन तथा थप भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| मथुरा एकादशी मेला व्यवस्थापन फिल्ड निर्माण | ५०००० | मालारानी पाहारे हल्दे मो.वा. निर्माण | ५०००० | वि.स.अ.संघ |

वडा तर्फ :- १० नं. वडा

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन तथा थप भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| बाख तथा भैसीको गोठ मर्मत संभार वडा नं. १० | | फेदी काठेखोला मो.वा. | ८००००० | प्रधानमन्त्री रोजगार |
| बाटुलेखोला पधेरी खोला कुलो तथा बाध निर्माण | | शिनपा १० भित्रका कुलो निर्माण तथा मर्मत | ६००००० | प्रधानमन्त्री रोजगार |
| शिनपा १० मोटर बाटो मर्मत तथा संभार | | झरना बाटो खन्ने तथा सिढी | ९८०५०० | युवा रोजगार |

| | | | | |
|---|---|---|---|---|
| | | बनाउने सामकोट | | |

## वडा तर्फ :- ११ नं. वडा

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन तथा थप भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| | | गुड्रुङ्खोला कजवे निर्माण | | प्रधानमन्त्री रोजगार |
| | | खयरभट्टी पार्क निर्माण | | प्रधानमन्त्री रोजगार |
| | | वेलखोला वनकसवास गोरेटो बाटो निर्माण | | प्रधानमन्त्री रोजगार |

## वडा तर्फ :- १२ नं. वडा

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| | | कोन्द्रे डोहोटे तल्लो डोहोटे सिंचाई कुलो निर्माण | ४६५००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | कोठिया बाघमन्टे सानो टर्रे जलुके गोरेटो बाटो निर्माण | ४६५००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | जयकोट देउराली भुल्के पानी सल्ले विसौनी बाकलवारी गोरेटो बाटो निर्माण | ५५०००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | वडा स्तरीय पर्यटन पदमार्ग शिनपा १२ | ४००००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | रजिया सुपा मन्दिर देखि सन्धिखर्क गोरुसिंगे मो.वा. सम्म गोरेटो बाटो निर्माण | ३००००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |
| | | रजिया पोखरी नाराखोला भुल्केपानी सिंचाई कुलो निर्माण | २००००० | प्रधानमन्त्री रोजगार/यु.स्वा |

## वडा तर्फ :- १३ नं. वडा

| सातौ नगरसभा तथा का.पा. बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| सिमलपानी कुखुरेखोला कजवे मर्मत (८/३० को बैठकबाट संसोधन भई कायम भएको) | २००००० | गोत्रेपानी मो.वा. | २००००० | वि.स.अ.स. |